# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ताकुकोट, गोरखा

Website: www.sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

पत्र संख्याः २०७८/७९
च .नं.

मिति : २०७८/१०/२५

विषय : लेखक छनोट सम्बन्धी जरुरी सूचना ।

उपरोक्त विषयमा चालु आ.व. २०७८/७९ मा बारपाक सुलिकोट गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आधारभूत तह कक्षा १-५ का लागि स्थानीय विषयको पाठ्यपुस्तक लेखन र छपाइ गर्ने कार्यक्रम अन्तर्गत विद्यालय शिक्षाको कक्षा १-५ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्यका लागि यस शाखाको मिति २०७८/१०/२५ गतेको निर्णयानुसार निम्न योग्यता पुगेका नेपाली नागरिकहरुबाट निवेदन आह्वान गरिएको छ ।

१. शिक्षा, युवा तथा खेलकुद शाखाको विज्ञ सूचीमा सूचिकृत भएको हुनुपर्ने छ र सूचिकृत नभएका विज्ञहरुले देहाय अनुसारको कागजात सहित सूचिकृत हुनका लागि मिति २०७८/११/०१ गते भित्रमा यस कार्यालयमा निवेदन दिनुपर्ने छ ।
   क) मान्यताप्राप्त विश्वबिद्यालयबाट स्नातकोत्तर योग्यता प्राप्त गरेको हुनुपर्ने।
   ख) स्थानीय विषयवस्तुका बारेमा ज्ञान हुनुपर्ने ।
   ग) सूचिकृत हुन निवेदन सहित शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, वैयक्तिक विवरण, स्थायी लेखा नं. प्रमाणपत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

२. कम्तिमा २ जना लेखकहरुको सहकार्यमा लेखनकार्य गर्नुपर्ने छ।

३. निवेदन मिति २०७८/११/०१ गते आइतबार बेलुका ५: ०० बजे सम्म यस शाखामा आइपुग्नु पर्नेछ ।

४. लेखकहरुको छनोट गर्ने सम्पूर्ण अधिकार यस शाखामा निहित हुनेछ ।

..............................
बसन्तराज भट्ट
शिक्षा अधिकृत

बसन्तराज भट्ट
अधिकृत छैठौं, शिक्षा प्रशासन